नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय, लहान

# करदाता सेवा कार्यालय

दिक्तेल, खोटाङ

फोन नं. ०३६-४२००१०
Email. tso-diktel@ird.gov.।

## सूचना

**<u>आर्थिक विधेयक, २०८०/०८१ दफा २२, दफा २३, र दफा २४ बमोजिमको छुट सुविधाहरुः</u>**

- विगतमा कुनै स्थानिय निकाय, घरेलु तथा साना उधोग कार्यालयमा व्यवसाय दर्ता गरि कारोवार गरिरहेको तर स्थायी लेखा नं **(Pan)** नलिएको भए त्यस्ता व्यक्तिले स्थायी लेखा नं लिई २०७८/०७९, २०७९/०८० र २०८०/०/०८१ सम्मको बुझाउनुपर्ने आय विवरण २०८१ फाल्गुन मसान्तसम्म बुझाएमा अन्य आ.व. को कर, सोमा लाग्ने व्याज तथा शुल्क मिनाहा हुनेछ।

- विगतमा कुनै स्थानिय निकायहरुमा दर्ता भएको उपभोक्ता समिति/कृषक समूह/आमा समूह र कम्पनी जस्ता विभिन्न संघ संस्थाहरुले हालसम्म स्थायी लेखा नं **(Pan)** नलिएको भए आ.व. २०७८/७९, २०७९/०८० र २०८०/०८१ को यहि फाल्गुन मसान्त भित्रमा अडिट गराई सो बमोजिमको कर तिरेमा अन्य आ.व. हरुको अडिट तथा कर, शुल्क सबै मिनाहा हुनेछ।

- स्थायी लेखा नं **(Pan)** लिई आयविवरण बुझाउन बाँकी रहेको करदाताहरुले आय विवरण, सो विवरण अनुसारको आयकर र सो मा लाग्ने ब्याजको २५% प्रतिशतले हुने रकम यहि फाल्गुन मसान्त सम्म बुझाएमा सोमा लाग्ने शुल्क तथा ७५% प्रतिशत व्याज मिनाहा हुनेछ।

- आ.व. २०८० साल असार मसान्त सम्मको मू.अ.कर विवरण पेश नगर्ने **(Vat)** मा दर्ता भएको करदाताहरुले आफुले बुझाउनुपर्ने कर विवरण सो विवरण अनुसारको मू.अ.कर रकम, र सोमा लाग्ने व्याजको ५०% प्रतिशतले हुने रकम यहि फागुन मसान्त सम्म बुझाएमा सोमा लाग्ने जरिवाना, थप दस्तुर तथा बाँकी ब्याज मिनाहा हुनेछ। धन्यवाद।

<u>थप जानकारीको लागि</u>
सम्पर्क नं. ९८५२८४९६'
करदाता सेवा कार्यालय,
दिक्तेल,खोटाङ।

" कर प्रणालीको सार, लगानीको आधार "